
मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क १५७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असार ८ गते सोमबार ❑ 22 June 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## रास्वपाको प्रथम महाधिवेशन सुरु




**रासस**
चितवन, ७ असार

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को प्रथम महाधिवेशन सुरु भएको छ। भरतपुरको 'गेष्टहाउस' चौरमा पार्टी सभापति रवि लामिछाने र पार्टीका वरिष्ठ नेता एवम् प्रधानमन्त्री वालेन्द्र शाहले घण्टी बजाएर महाधिवेशनको उद्घाटन गर्नुभयो।

सो अवसरमा उहाँहरुसँग मञ्चमा रहनुभएका अतिथिहरुले पनि एकै साथ घण्टी बजाउनुभएको थियो । कार्यक्रममा नेपाली कांग्रेसका सभापति गगनकुमार थापा, नेकपा (एमाले)का नेता प्रदीप ज्ञवाली, नेपाली कम्युनिष्ट पार्टीका नेता वर्षमान पुन, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देल सहभागी हुनुहुन्छ।

यसै गरी पूर्वप्रधानमन्त्री बाबुराम भट्टराई, जनता समाजबादी पार्टीका अध्यक्ष उपेन्द्र यादव, जनमत पार्टीका अध्यक्ष चन्द्रकान्त राउतको सहभागिता रहेको छ।

प्रधानमन्त्री एवं राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का वरिष्ठ नेता वालेन्द्र शाहले वर्तमान सरकार 'एक्स्प्रेस' गाडी भएकाले गन्तव्यमा पुगेपछि मात्रै राकिने बताउनुभएको छ । उद्घाटन सत्रलाई सम्बोधन गर्दै उहाँले कतिपय राजनीतिक पार्टीहरुले सरकारको गति अनियन्त्रित हुने त होइन भनी गरेको टिप्पणीप्रति लक्षित गर्दै भन्नुभयो, "हाम्रो सरकार 'एक्स्प्रेस वे'मा गुडिरहेको गाडी हो, यो गन्तव्यमा पुगेर ब्रेक लाग्छ, अनियन्त्रित छैन।"

महाधिवशेनको उद्घाटन सत्रमा शुभकामना दिने क्रममा केही राजनीतिक दलका नेताले दिनुभएको सुझावलाई पार्टीले गम्भीर रुपले लिएको जनाउँदै प्रधानमन्त्री शाहले अहिलेको जनमतलाई स्वीकार गर्न आग्रह गर्नुभयो । रास्वपाको वैचारिक दृष्टिकोणका बारेमा चिन्ता नलिन आग्रह गर्दै उहाँले रास्वपा विकासवादी पार्टी भएको बताउनुभयो । "रास्वपा काम गर्ने पार्टी हो, प्रतिशोध साँध्ने पार्टी होइन, पुराना कुरालाई लिएर निहुँ खोज्ने पार्टी होइन", उहाँले भन्नुभयो । सरकारी सम्पत्ति र रकम दोहन भएको अवस्थामा विद्यमान सरकार कठोर ढङ्गबाट प्रस्तुत हुने उहाँको भनाइ थियो । प्रधानमन्त्री शाहले भन्नुभयो, "सरकारले नियमकानुन मिच्दैन, नियममै बसेर काम गर्छ, नियमभन्दा बाहिर जाँदैन, हामी निहुँ खोज्ने पार्टी होइन ।" सभापति रवि लामिछानेले आफ्नो पार्टीले प्रतिशोधको राजनीति नगर्ने स्पष्ट पार्नुभएको छ । उद्घाटन समारोहलाई सम्बोधन गर्दै सभापति लामिछानेले पार्टीले प्राप्त गरेको जनमतलाई आत्मसात् गरी कसैप्रति पनि प्रतिशोध नसाँध्ने बताउनुभयो । उहाँले राजनीतिक दलहरुबीच भएका वैमनस्यता पनि यहीँबाट अन्त्य गरी सहयोग र सहकार्यका साथ देश र जनताको पक्षमा काम गर्ने उल्लेख गर्नुभयो। पार्टीभित्र गुट-उपगुटको अभ्यास हुन नदिने उल्लेख गर्दै सभापति लामिछानेले महाधिवेशनमार्फत एकताको सन्देश दिइने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले पुराना राजनीतिक दलले बेहोरेको अनुभवबाट पाठ सिकेर गुटरहित ढङ्गले अघि बढ्नसके रास्वपालाई कुनै शक्तिले पराजित गर्न नसक्ने उहाँको भनाइ थियो।

"रास्वपा लड्यो भने आफ्नै घुँडामा अल्झेर लड्छ, रास्वपालाई लडाउने अरू कसैको तागत छैन", उहाँले भन्नुभयो, "गुट र उपगुटले दिने फल विषालु हुन्छ। त्यस्तो फल फल्यो भने वृक्ष नै काट्नुपर्ने अवस्था आउँछ। हामी अहिले कस्तो बीउ रोप्ने भन्ने मोडमा छौँ।" रास्वपा देशको साझा राजनीतिक मञ्चका रूपमा स्थापित हुँदै गएको उल्लेख गर्दै उहाँले पछिल्लो समय गैरराजनीतिक क्षेत्रका व्यक्ति पनि राजनीतिमा आउन थालेको बताउनुभयो।

सभापति लामिछानेले नेपाली कांग्रेस र नेकपा (एमाले)भित्र देखिएका समस्या समाधान गर्ने सुझाव दिँदै समस्या समाधान नभए मुलुकलाई नै अप्ठ्यारो पर्ने बताउनुभयो । "हामीले इतिहासलाई जवाफ दिनुपर्नेछ । राष्ट्रिय राजनीति राम्रो हुन हाम्रो पार्टी मात्रै राम्रो भएर पुग्दैन, अरू दल पनि सुध्रिनुपर्छ", उहाँले भन्नुभयो, "कांग्रेस र एमालेभित्र देखिएका अप्ठ्यारा समाधान भएनन् भने देशलाई समस्या पर्छ।" सभापति लामिछानेले पूर्वसहमतिअनुसार नै सरकार अघि बढेको भन्दै प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको सरकारले लक्ष्यअनुसार काम गरिरहेको बताउनुभयो। "सरकार सञ्चालन गर्ने पूर्वसहमतिअनुसार रास्वपाका वरिष्ठ नेता बालेन शाहको खुट्टामा बल पुगेको छ। गोल हान्ने जिम्मा उहाँलाई नै छ। झुक्किएर मेरो खुट्टामा बल आएछ भने पनि पास गरेर उहाँको खुट्टामा पुऱ्याउने जिम्मा मेरो हो", लामिछानेले भन्नुभयो।

## अपराध अनुसन्धानलाई प्रविधिमैत्री बनाउनुपर्छः मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, ७ असार

ग ण्ड की प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले अपराध अनुसन्धानलाई वैज्ञानिक, प्रमाणमुखी र प्रविधिमैत्री बनाउनुपर्ने बताउनुभएको छ।

प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग नक्सालको आयोजना तथा गण्डकी प्रदेश प्रहरी कार्यालय पोखराको समन्वयमा पोखरामा आइतबार आयोजना गरिएको प्रदेशस्तरीय अपराध अनुसन्धान समीक्षा गोष्ठीको उद्घाटन गर्दै उहाँले अपराध अनुसन्धानमा संलग्न प्रहरी अधिकृतले निष्पक्ष, व्यावसायिक र प्रमाणमा आधारित अनुसन्धानलाई प्राथमिकता दिनुपर्ने बताउनुभएको हो।

"गण्डकी प्रदेश सरकार शान्तिसुरक्षा, सुशासन र कानुनी शासन सुदृढ गर्न प्रतिवद्ध । यस गोष्ठीबाट प्राप्त सुझाव तथा निष्कर्षहरूले अनुसन्धान प्रणालीलाई अझ प्रभावकारी बनाउँदै नागरिकको न्यायप्रतिको विश्वास अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पुऱ्याउनेछ", मुख्यमन्त्री पाण्डेले भन्नुभयो।


साइबर तथा वित्तीय अपराध, सहकारी ठगी, लागुऔषध कारोबार तथा लैङ्गिकहिंसाजस्ता जटिल अपराधले अनुसन्धान प्रणालीलाई नयाँ चुनौती दिएकाले यस्ता चुनौतीको सामना गर्न अनुसन्धानमा आधुनिक प्रविधि, डिजिटल फरेन्सिक, डेटा विश्लेषण तथा प्रमाणमा आधारित प्रणालीको विकास अपरिहार्य रहेको उहाँले बताउनुभयो।

नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक सुशीलसिंह राठौरले अनुसन्धानमा प्रयोग भइरहेका नवीनतम् प्रविधि, प्रक्रिया र अभ्यासको आदानप्रदानबाट अनुसन्धान प्रणालीमा प्रभावकारिता र एकरूपता आउने विश्वास व्यक्त गर्नुभयो। गण्डकी प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक दीपेन्द्र जिसीले गोष्ठीबाट प्राप्त सुझाव र निष्कर्षले प्रदेशको अपराध अनुसन्धान प्रणालीलाई नयाँ दिशा प्रदान गर्ने बताउनुभयो।

सूचना सङ्कलन तथा विश्लेषण प्रणाली सुदृढीकरण, भर्चुअल माध्यमबाट म्याद थप प्रणाली सञ्चालन, घटनास्थल व्यवस्थापन तथा 'ग्रिड रेफरेन्स' (जीआर) अभिलेखीकरणलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने प्रतिबद्धतासहित जिल्ला प्रहरी प्रमुख तथा अनुसन्धानमा कार्यरत प्रहरी कर्मचारीबाट प्रतिबद्धतापत्रमा हस्ताक्षर गराइएको थियो।

का र्य क्र म मा नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागका प्रहरी वरिष्ठ उपरीक्षक मुकुन्द मरासिनी, कास्कीका प्रमुख जिल्ला अधिकारी कुमानसिंह गुरुङ, नेपाल पत्रकार महासङ्घ गण्डकी प्रदेशका अध्यक्ष रमेश पौडेल, गण्डकी प्रदेशका मुख्य न्यायाधिवक्ता चिरञ्जीवी शर्मा पौडेल, उच्च सरकारी वकिल कार्यालय पोखराका उपन्यायाधिवक्ता स्वतन्त्र न्यौपाने तथा कास्की जिल्ला अदालतका न्यायाधीश हिमलाल बेल्बासेलगायतले प्रविधिमैत्रीअपराधअनुसन्धानको आवश्यकता औँल्याउनुभएको थियो । वक्ताहरूले प्रहरी, सरकारी वकिल कार्यालय र अदालतबीच एकीकृत अभिलेखीकरण प्रणाली विकास गर्नसके अनुसन्धान तथा न्याय सम्पादन प्रक्रिया थप प्रभावकारी हुने उल्लेख गर्नुभयो।

कार्यक्रममा प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग, गण्डकी प्रदेश प्रहरी कार्यालय, जिल्ला सरकारी वकिल कार्यालय कास्की तथा प्रदेशअन्तर्गतका जिल्ला प्रहरी कार्यालय प्रमुखहरूले अपराध अनुसन्धानसम्बन्धी प्रस्तुतीकरण गरेका थिए। साथै अनुसन्धानका क्रममा देखिएका चुनौती, समाधानका उपाय तथा सुधारका विषयमा अन्तरक्रिया र छलफल समेत गरिएको थियो।



## पोखरा बसपार्कभित्रका ३२० सटर हटाइयो

**पोखरापत्र संवाददाता**
गण्डकी, ७ असार




पोखराको पृथ्वीचोकस्थित प्रस्तावित बसपार्कको जग्गामा अनधिकृत रूपमा बनाइएको बास्तोला कम्प्लेक्सका ३२० सटरलगायत संरचना महानगरले शनिबार डोजर प्रयोग गरी हटाएको छ।

पोखरा बसपार्क निर्माणको अभियानमा रहेको महानगरपालिकाले पृथ्वीचोकस्थित सेती नदीपट्टिको बास्तोला कम्प्लेक्स हटाएको हो। महानगरपालिका र जग्गाधनीका बीचमा संरचना हटाउने सहमतिअनुसार व्यवसायीले सटर खाली गरेका थिए।

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले कम्प्लेक्सका सञ्चालक र त्यहाँ व्यवसाय गरेर बसिरहेका व्यवसायीसँग निरन्तर छलफल तथा संवादपछि खाली गर्ने सहमति भएको बताउनुभयो। उहाँका अनुसार बसपार्क निर्माण गर्ने अभियानमा सहयोग गर्ने समझदारीका साथ कम्प्लेक्स पूर्ण रूपमा हटाइएको हो।

"हामीले जग्गाधनीसँग सहमति गरेका थियौँ। सोहीअनुसार खाली गरिएको हो। सुकुम्बासी बस्तीमा भने व्यवस्थापन नगरी हटाउने छैनौँ", उहाँले भन्नुभयो। महानगरले यसअघि असार ४ गते बसपार्क प्रवेशद्धारमा रहेका सटरमा डोजर चलाएको थियो। महानगरपालिकाले खाली गरेको बास्तोला कम्प्लेक्सको जग्गा व्यक्तिका नाममा दर्ता भएको पाइएको छ। विसं २०३० मा बसपार्कका लागि अधिग्रहण गरिएको भए पनि पछि पोखरा उपत्यका नगर विकास समितिले अधिग्रहित जग्गाभित्र सट्टाभर्ना तथा घडेरी वितरण गर्ने निर्णय गरेको थियो । महानगरले पछिल्लो समय जग्गा सट्टाभर्नाको निर्णयलगायतका विषयमा छानबिनका लागि पूर्वन्यायाधीशको नेतृत्वमा न्यायिक समितिसमेत गठन गरेको छ। सो समितिको प्रतिवेदन अझै पेस हुनसकेको छैन । महानगर प्रमुख आचार्यले लालपुर्जा भएका जग्गाधनीको छानबिन पनि द्रुतगतिमा भइरहेकाले केही दिनमै वास्तविकता सार्वजनिक हुने बताउनुभयो । पोखरा-९ का वडाध्यक्ष दीपेन्द्र मर्सानीले बसपार्कको सम्पूर्ण जग्गा खाली गरिने बताउनुभयो । उहाँले बसपार्कको जग्गा अतिक्रमण गरी बसेका सुकुम्बासीलाई वैकल्पिक व्यवस्थापनको काम पनि अघि बढाइएको बताउनुभयो । महानगरले यही असार ४ गतेदेखि बसपार्कका संरचना हटाउन सुरु गरेको हो। "बसपार्कको ठूलो क्षेत्रभित्र बसेका वास्तविक सुकुम्बासीको अन्यत्र व्यवस्थापन गरेरमात्र सो क्षेत्रमा डोजर चल्छ । अहिले सुकुम्बासीको अन्यत्र जग्गा भए/नभएको बारेमा छानबिन भइरहेको छ", वडाध्यक्ष मर्सानीले भन्नुभयो। महानगरले सुकुम्बासी बस्तीका ५७२ परिवारमध्ये हालसम्म ३३७ परिवारको 'डकुमेन्ट भेरिफिकेसन' सम्पन्न भएको र बाँकीको समेत छिट्टै सकिने जनाएको छ। महानगर प्रमुख आचार्यले केही सुकुम्बासीले तीनपुस्ते सही विवरण नदिएको तथा झुटा विवरणसमेत दिएको पाइएको बताउँदै छानबिनका लागि समय लागेको बताउनुभयो।

# पोखरा-९ को वडा कार्यालयद्वारा थकाली समाजघरलाई फर्निचर सहयोग

पोखरापत्र संवाददाता
गण्डकी, ७ असार

पोखरा महानगरपालिका वडा नम्बर ९ कार्यालयले थकाली समुदायको सामाजिक तथा सांस्कृतिक गतिविधिलाई थप व्यवस्थित बनाउन फर्निचर सामग्री सहयोग गरेको छ।

वडा कार्यालयले करिब एक लाख रुपैयाँ बराबरका फर्निचर सामग्री तीन गाउँले थकाली सेवा समाजलाई आइतबार हस्तान्तरण गरेको हो।

आइतबार आयोजित एक कार्यक्रममा वडा अध्यक्ष दीपेन्द्र मर्सानीले समाजका अध्यक्ष कमलप्रसाद थकाली, उपाध्यक्ष कृष्णलाल थकाली, सचिव आशबहादुर थकाली लगायतलाई उक्त सामग्री हस्तान्तरण गर्नुभयो। समाजघर तथा कार्यालय सञ्चालनलाई सहज बनाउन उक्त सहयोग गरिएको वडा अध्यक्ष मर्सानीले बताउनुभयो। कार्यक्रममा बोल्दै उहाँले कला, संस्कृति र




परम्पराको संरक्षणमा सक्रिय सामाजिक संस्थाहरू समुदायका पहिचान जोगाउने महत्वपूर्ण आधार भएको उल्लेख गर्नुभयो। वडा नम्बर ९ भित्र यस्ता समाजघर कम रहेको सन्दर्भमा छिमेकी वडामा रहेर पनि थकाली समुदायको संस्कृति संरक्षणमा योगदान पुऱ्याइरहेको संस्थालाई आवश्यक फर्निचर सामग्री उपलब्ध गराइएको उहाँले बताउनुभयो।

समाजका अध्यक्ष कमलप्रसाद थकालीले वडा कार्यालयबाट प्राप्त सहयोग समुदायका लागि महत्वपूर्ण भएको बताउँदै यसलाई समाजघर सञ्चालन र सामाजिक गतिविधिमा प्रभावकारी रूपमा उपयोग गरिने जानकारी दिनुभयो। उहाँले सहयोगप्रति वडा कार्यालय, वडा अध्यक्ष मर्सानी तथा समन्वयमा सहयोग गर्ने सबैप्रति आभार व्यक्त गर्नुभयो।

समाजघरलाई समुदायले जन्मदेखि मृत्युसम्मका विभिन्न संस्कार, चाडपर्व तथा सामूहिक कार्यक्रम सञ्चालन गर्ने केन्द्रका रूपमा प्रयोग गर्दै आएको छ। हरेक वर्ष थकाली समुदायले आफ्नो परम्परागत नयाँ वर्ष 'ल्सम' तथा त्युङल लगायतका सांस्कृतिक पर्वहरू मनाउँदै आएको समाजले जनाएको छ। समुदायले पुस्तौंदेखि चलिआएको परम्परागत 'तागा हान्ने' (तारा हान्ने) खेललाई पनि निरन्तरता दिँदै आएको सल्लाहकार वसन्त थकालीले जनाउनु भयो।

सहारा क्लवका पूर्व अध्यक्ष विक्रम थकालीले थकाली समुदायको ऐतिहासिक र महत्व रहेको समाज घरमा अर्को वडाले सहयोग गर्नू निकै प्रशंसनीय कार्य भएको बताउनु भयो।

# पोखरामा एम्नेष्टी ईन्टरनेसनल नेपाल अन्नपूर्ण समुह ५४ को साधारण सभा

पोखरापत्र संवाददाता
पोखरा, ७ असार

पोखरामा एम्नेष्टी ईन्टर नेसनल नेपाल अन्नपूर्ण समुह ५४ को साधारण सभा सम्पन्न भएको छ। शनिवार संस्थाको २५औं वार्षिक साधारण सभा सम्पन्न भएको हो।

साधारण सभाका प्रमूख अतिथि एम्नेष्टी ईन्टरनेसनल नेपाल अन्नपूर्ण समुह ५४ का संस्थापक सदस्य कपिलनाथ कोइरालाले कार्यक्रमको व्यानरमा हस्ताक्षर गरेर उद्घाटन गरेका थिए।

सो अवसरमा उपभोक्ता मञ्च गण्डकीका अध्यक्ष समेत रहेका कोइरालाले नेपालमा २०४६ सालमा प्रजातन्त्र स्थापना पश्चात मानव अधिकारका बारेमा चर्चा परिचर्चा हुँदा पोखरामा एम्नेष्टी इन्टर नेसनल संस्था स्थापना गरिएको स्मरण गरे। पोखरामा संगठित भएर मानवअधिकारको क्षेत्रमा काम गरौं भन्ने भावनाका साथ संस्था गठन गरिएको उनको भनाइ छ। गरिमामय रुपमा स्थापित भएको संस्थाको उपस्थिति पछिल्ला दिनमा कमजोर भएको महसुस हुँदा दुख लागेको भन्दै कोइरालाले आगामी दिनमा प्रभावकारी भूमिका खेल्न आग्रह गरे। त्यसैगरी साधारण सभाको अध्यक्षता गरेकी संस्थाकी कार्यवाहक संयोजक अधिवक्ता मीनाकुमारी रानाभाटले आस्थाका आधारमा राज्यले कसैलाई पनि विभेद गर्नु हुँदैन भन्ने मान्यता बोकेर संस्था स्थापना भएको उल्लेख गरिन्। संस्थाका सदस्यहरुले ओजपूर्ण संस्थाका रुपमा रहेको एम्नेष्टीको महत्व बुझेर अगाडि बढ्न आवश्यक रहेको कार्यवाहक संयोजक अधिवक्ता रानाभाटको भनाइ छ। कार्यक्रममा संस्थाका पूर्वसंयोजक नविन बरालले एम्नेष्टीका गतिविधि माथि प्रकाश पारेका थिए। संस्थाकी सल्लाहकार मञ्जु गौतम र संस्थाका नयाँ सदस्य गणेश कँडेलले शुभकामना मन्तव्य राखेका थिए। कार्यक्रमको संचालन संस्थाकी सचिव ज्योती हमालले गरेकी थिइन्। सोही अवसरमा संस्थाका नयाँ सदस्यहरुलाई पनि



स्वागत गरिएको थियो।

आफु भन्दा फरक विचार वा आस्थाका कारण पनि नागरिकलाई थुनामा राख्ने यातना दिने जस्ता गैह्र कानून कारवाहीका बिरुद्ध आवाज उठाउने र आस्थाका आधारमा बन्दी बनाइएका नागरिकहरूको रिहाई लागी अपिल गर्ने उदेश्य सहित सन् १९६१ मा बेलायती कानून व्यवसायी पिटर बेनेन्सन समेतले यो अन्तराष्ट्रिय संस्थाको स्थापना गरेका थिए। अन्नपूर्ण समुह ५४ एम्नेष्टी इन्टरनेसनल अन्तर्गतको एक समुह हो। संस्थामा हाल ५६ जना सदस्यहरू आवद्ध रहेका बताइएको छ। २४औं साधारण सभा तथा १२ औं अधिवेशनले विष्णु हरी पन्थीको संयोजकत्वमा नयाँ कार्य समिति चयन गरेको थियो। गतवर्ष संयोजक पन्थीको निधन भएपछि रानाभाट संस्थाको कार्यवाहक संयोजकका रुपमा रहेकीछिन्। यस वीचमा समूहले विभिन्न गतिविधिहरुमा सहभागी हुने तथा कार्यक्रमहरु संचालन गरेको सो अवसरमा जानकारी दिइएको छ।

आगामी दिनमा विभिन्न कार्यक्रमहरु गर्ने प्रस्ताव साधारण सभाले पारित गरेको छ। जसमा एम्नेष्टी ईन्टरनेसनल नेपालको केन्द्रिय समितिले आह्वान गरेका कार्यक्रमहरूलाई सफल पार्ने, समितिले प्रत्येक वर्ष गर्ने कार्यक्रमहरू मानव अधिकार दिवस, नारी दिवस र एम्नेष्टी स्थापना दिवस जस्ता महत्वपूर्ण दिवसमा गरिने कार्यक्रमलाई निरन्तरता दिइने लगायत रहेका छन्। संस्थाका नयाँ सदस्यहरूका लागि अभिमुखीकरण कार्यक्रम र सबै सदस्यहरूलाई मानव अधिकार प्रशिक्षण दिने कार्यक्रम तय गरिएको छ। त्यसैगरी मानव अधिकारको संरक्षण र प्रबर्द्धनमा सम्बन्धित निकायहरूसंग संयोजन गरिने संस्थाकी सचिव ज्योती हमालको भनाइ छ।

# जोजिजु म्युजिकमा विश्व संगीत दिवसको अवसरमा सांगीतिक कार्यक्रम

पोखरापत्र संवाददाता
पोखरा, ७ असार

प्रत्येक वर्ष जुन २१ मा विश्वभर मनाइने विश्व संगीत दिवस पोखराको जोजिजु म्युजिक सेन्टरमा पनि मनाए।

संगीतको सार्वभौमिक शक्ति, सिर्जनात्मकता र मानव एकताको उत्सव हो। सन् १९८२ मा फ्रान्सबाट सुरु भएको यो अभियान आज १२० भन्दा बढी देशहरूमा मनाइन्छ। यस दिन संगीतलाई केवल मनोरञ्जनको माध्यम मात्र नभई संस्कृतिहरूलाई जोड्ने, भावना व्यक्त गर्ने र समाजलाई एकताबद्ध बनाउने शक्तिशाली माध्यमको रूपमा सम्मान गरिन्छ।

नेपालमा पनि विश्व संगीत दिवस उत्साहका साथ मनाइन्छ। नेपाली संगीतको समृद्ध परम्परा, लोकसंस्कृति, शास्त्रीय संगीत र आधुनिक संगीतका विविध स्वरहरूलाई सम्मान गर्दै कलाकार, संगीतप्रेमी तथा संगीत संस्थाहरूले यस दिनलाई विशेष रूपमा मनाउने गरेका छन्। संगीतले भाषा, जाति, धर्म र भौगोलिक सीमाभन्दा माथि उठेर मानिसहरूलाई एक आपसमा जोड्ने कार्य गर्दछ।




यस दिनको विशेष अवसरमा जोजिजु म्युजिक सेन्टरले संगीत शिक्षा, प्रतिभा विकास र सांगीतिक संस्कृतिको संरक्षणमा पुऱ्याएको योगदान विशेष रूपमा प्रशंसनीय छ। संस्थाका संस्थापक बिनित जोजिजुले संगीतलाई नयाँ पुस्तासम्म पुऱ्याउने उद्देश्यका साथ निरन्तर समर्पित प्रयास गर्दै आउनुभएको छ। उहाँको नेतृत्वमा जोजिजु परिवारले संगीतलाई केवल कला मात्र नभई जीवनको महत्वपूर्ण आधारको रूपमा स्थापित गर्न प्रेरणा दिइरहेको छ।

जोजिजु परिवार संगीतप्रति समर्पण, प्रतिभा र मेहनतको उत्कृष्ट उदाहरण हो। परिवारका सदस्यहरूले विभिन्न सांगीतिक क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल गर्दै नेपाली संगीत जगतमा प्रेरणादायी भूमिका निर्वाह गरिरहेका छन्।

यस परिवारका गौरव गण्डकी प्रदेश पोखरा नेपालको नाम , उत्प्रेम जोजिजुले २ बर्षको उमेरमै ड्रम सेट बजाएर विश्वमा कीर्तिमान कायम गर्न सफल तथा हाल युवा प्रतिभाका रूपमा परिचित छन्। उहाँको लगन, अनुशासन र संगीतप्रतिको समर्पणले नयाँ पुस्तालाई ठूलो प्रेरणा प्रदान गरेको छ। त्यस्तै, प्रतिभाशाली भायोलिनवादक सानू जोजिजुले आफ्नो भ्वाइलिनको मधुर धुनमार्फत संगीतप्रेमीहरूको मन जित्दै आउनुभएको छ। संगीतप्रतिको उहाँको निष्ठा र कलात्मक अभिव्यक्तिले जोजिजु परिवारको सांगीतिक यात्रालाई अझ समृद्ध बनाएको छ।

त्यसैगरी, सानै उमेरदेखि गायन क्षेत्रमा आफ्नो प्रतिभा देखाउँदै आएकी उत्प्रेरणा जोजिजुले भविष्यकी उज्ज्वल गायिकाका रूपमा अगाडि बढिरहेकी छन्। उनको मधुर स्वर, आत्मविश्वास र संगीतप्रतिको प्रेमले संगीत जगतमा नयाँ आशा र सम्भावनाको सन्देश दिएको छ।

विश्व संगीत दिवसको अवसरमा, जोजिजु म्युजिक सेन्टर म्युजिक स्कुलका संस्थापक, गायक, सङ्गीत उद्यमी बिनित जोजिजुले यस बर्ष पनि स्कुलको कलाकार प्रशिक्षक प्रशिक्षार्थी नबप्रतीभाहरु लाई बिगत २ दशक भन्दा बढी समयबाट मन्च प्रदान गरी पोखरेली कलाकार जन्माउन सफल भएको छ। सम्पूर्ण सङ्गीत प्रेमीहरुलाइ हार्दिक शुभकामना व्यक्त गर्दै, संगीतको माध्यमबाट समाजमा सकारात्मक ऊर्जा, सिर्जनशीलता र एकताको भावना फैलाउने कार्य निरन्तर अगाडि बढोस् भन्ने कामना गरेका छन।

# पोखरामा पनि मनाइयो योग दिवस

पोखरापत्र संवाददाता
पोखरा, ७ असार

पर्यटनको राजधानि पोखरामा पनि अन्तर्राष्ट्रिय योग दिवस विभिन्न कार्यक्रमको आयोजना गरी मनाइएको छ।

आइतबार पोखरा रंगशाला, फेवाताल किनार लगायतका क्षेत्रमा योग शिविर सहित विभिन्न कार्यक्रम आयोजना गरी अन्तर ाष्ट्रिय योग दिवस मनाइएको हो। भारतीय राजदूतावास र पोखरा महानगरपालिकाको सहकार्यमा पोखरा रंगशालामा आयोजित योग शिविरमा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, नेपाल तथा भारतका विभिन्न उच्चपदस्थ व्यक्तित्व, खेलकुदकर्मी, योग साधक तथा विभिन्न संघसंस्थाका पदाधिकारीहरूको उपस्थिति रहेको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री पाण्डेले योगले मानव जीवनलाई स्वस्थ, सन्तुलित र तनावमुक्त बनाउन महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो। व्यस्त जीवनशैलीका कारण बढ्दै गएका मानसिक तनाव, जीवनशैलीजन्य रोग तथा असन्तुलनको समाधानका लागि दैनिक योग र ध्यान अपरिहार्य रहेको उहाँले बताउनु भयो। "योग शारीरिक व्यायाम मात्र होइन, जीवन जिउने कला हो। शरीर, मन र आत्माबीच सन्तुलन कायम गरी योगले मानिसलाई सशक्त, सचेत र नैतिक बनाउँछ," मुख्यमन्त्री पाण्डेले भन्नुभयो। उहाँले नेपालको भौगोलिक विशिष्टता, आध्यात्मिक परम्परा र हिमालय क्षेत्रसँग जोडिएको योग संस्कृतिले नेपाललाई विश्वकै उत्कृष्ट योग गन्तव्य बनाउने सम्भावना रहेको उल्लेख गर्नुभयो। हिमालयको काखमा ऋषिमुनिहरूले तपस्या गर्दै योग परम्पराको विकास गरेकाले नेपाल योग, ध्यान र आरोग्य पर्यटनका लागि उपयुक्त भूमि भएको उहाँले बताउनुभयो।

मुख्यमन्त्री पाण्डेले गण्डकी प्रदेश सरकारले योगलाई प्राथमिकतामा राख्दै 'गण्डकी स्वजागरण अभियान' सञ्चालन गरिरहेको र प्रदेशलाई आरोग्य पर्यटनको केन्द्रका रूपमा विकास गर्ने नीति अवलम्बन गरेको जानकारी दिनुभयो। पोखरालाई योग, ध्यान तथा मानसिक आरोग्य प्रवर्द्धनको अन्तर्राष्ट्रिय गन्तव्यका रूपमा स्थापित गर्न विभिन्न कार्यक्रम अगाडि बढाइएको पनि उहाँले बताउनुभयो। विगत तीन वर्षदेखि पोखरामा नियमित रूपमा अन्तर्राष्ट्रिय योग दिवस आयोजना गर्दै आएकोमा भारतीय राजदूतावासप्रति आभार व्यक्त गर्दै उहाँले यस्ता कार्यक्रमले नेपाल र भारतबीचको ऐतिहासिक तथा जनस्तरको सम्बन्धलाई थप प्रगाढ बनाउने विश्वास व्यक्त गर्नुभयो। जिल्ला खेलकुद विकास समितिका अध्यक्ष मिलन गुरुङले खेल र योग एकअर्काका परिपूरक विषय भएकाले पोखरा रंगशालामा योग दिवस कार्यक्रम आयोजना गरिएको बताउनुभयो। उहाँले शारीरिक तन्दुरुस्ती, मानसिक सन्तुलन र अनुशासित जीवनशैलीका लागि योगको महत्व दिनप्रतिदिन बढ्दै गएको उल्लेख गर्नुभयो।

संयुक्त राष्ट्रसंघले जुन २१ लाई अन्तर्राष्ट्रिय योग दिवसका रूपमा मान्यता दिएपछि विश्वभर विभिन्न कार्यक्रम गरी यो दिवस मनाउने गरिएको छ। यस वर्ष पनि "स्वस्थ जीवनका लागि योग" भन्ने सन्देशका साथ पोखरासहित देशका विभिन्न स्थानमा योग दिवस मनाइएको छ।

# प्रदेशस्तरीय हक्की प्रतियोगिता सम्पन्न

पोखरापत्र संवाददाता
दमौली, ७ असार

तनहुँ हक्की सङ्घको आयोजनामा शुक्लागण्डकी नगरपालिका-५ बेलचौतारामा आयोजित प्रदेशस्तरीय महिला तथा पुरुष हक्की प्रतियोगिता सम्पन्न भएको छ।

शनिबार सम्पन्न प्रतियोगितामा पुरुषतर्फ स्याङ्जा प्रथम भएको छ भने महिलातर्फको उपाधि तनहुँले उचालेको छ। प्रतियोगितामा प्रथम र द्वितीय स्थान हासिल गरेका टोलीले क्रमशः रु सात र रु पाँच हजार प्राप्त गरेका छन्।

प्रतियोगितामा तनहुँ, कास्की, स्याङ्जा र पर्वत जिल्लाको सहभागी थिए।

**मौसमजन्य भाइरलबाट सुरक्षित बनौं**

◆ मौसम परिवर्तनसँगै स्वास्थ्यमा विशेष ध्यान दिऔं,
◆ नियमित रूपमा साबुनपानीले हात धुने बानी बसालौं,
◆ भीडभाडयुक्त स्थानमा आवश्यक सावधानी अपनाऔं,
◆ स्वच्छ पानी र ताजा तथा पोषणयुक्त खाना सेवन गरौं,
◆ खोक्दा वा हाच्छ्युँ गर्दा मुख-नाक छोपौं,
◆ घर तथा वरपरको वातावरण सफा र स्वच्छ राखौं,
◆ ज्वरो, रुघाखोकी वा अन्य लक्षण देखिए तुरुन्त स्वास्थ्य जाँच गराऔं,
स्वस्थ र सुरक्षित जीवनशैली अपनाऔं चिकित्सकको सल्लाहबिना औषधि सेवन नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

तिमी समस्याबाट भाग्न सक्दैनौ किनाकि त्यसबाट भागेर जाने कुनै ठाउँ छैन।
- अंकल रेमस

## सम्पादकीय

# रास्वपाको पहिलो महाधिवेशन

पार्टी स्थापनाको चार वर्षमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को पहिलो महाधिवेशन शुरु भएको छ। चार वर्षमा सत्ताको नेतृत्व गरेको रास्वपाको महाधिवेशनमा देशका राजनीतिक दलका नेताहरूले शुभकामना दिएर देशको प्रमुख शक्तिको मान्यता दिएका छन्। चुनावमा अप्रत्याशित सफलता र सत्ताको नेतृत्व गरेको रास्वपाको पहिलो महाधिवेशनबाट नेतृत्वमा कुनै विवाद देखिदैन। टेलिभिजनको पर्दामा काम गर्दागर्दै पार्टी स्थापना गरेका रवि लामिछानेले छ महिना भित्र सत्ताको स्वाद लिएर रास्वपालाई जवर्जस्त वैकल्पिक शक्ति बनाएका थिए। नागरिकता विवाद, सहकारी ठगीको गम्भीर आरोप र पार्टी सभापति नै कारागार पुग्नेसम्मको चरम संकट रास्वपा थियो। संकटको भुमरीमा सेकिएको यो पार्टी यतिबेला मुलुकको सबैभन्दा ठूलो राजनीतिक शक्तिका रूपमा छ। दुई तिहाइ बहुमत पाएर सरकार चलाउँदै पुराना मुल्य मान्यता भत्काउन थालेको छ। झण्डै दुई तिहाइको केपी शर्मा ओली नेतृत्वको नेकपाको सरकार असफलताल र त्यसपछिको गठबन्धन फेरबदल भइरहँदा जनतामा पुराना दलहरूप्रति आक्रोश चुलियो। त्यसैको परिणाम स्वरूप २०७९ वैशाखको स्थानीय चुनावमा काठमाडौंमा वालेन्द्र शाह, धरानमा हर्क साम्पाङ र धनगढीमा गोपाल हमाल जस्ता स्वतन्त्र उम्मेदवारहरू विजयी भए। बालेन शाहको त्यही जितले लामिछानेलाई राजनीतिक दल खोल्ने आत्मविश्वास दियो।

नयाँ बानेश्वरको इन्द्रेणी बैंक्वेटमा स्वतन्त्र अभियन्ताहरूको भेलाबाट नाम जुर्यो राष्ट्रिय स्वतन्त्र पार्ट। चिन्ह जुर्यो घण्टी। यही नाम र चिह्न बोकेर २०७९ असार १७ मा रास्वपा निर्वाचन आयोगमा दर्ता भयो। नाम र चुनाव चिन्ह जुराउन डा मुकुल ढकालको सक्रियता देखिन्छ। तर पहिलो महाधिवेशन गर्दा उनै ढकाल भने यो पार्टीमा छैनन्। रास्वपाको यो चारवर्षे यात्रा उत्साह, उछाल र संकटको अनुपम सम्मिश्रण हो। स्थापनादेखि दुई-तिहाइ बहुमतसहित सत्ताको नेतृत्व र पहिलो महाधिवेशनसम्मको मुख्य घटनाक्रमले पार्टीलाई अझ परिपक्व बनाउँछ। २०८२ फागुन २१ को आम निर्वाचनमा रास्वपाले १ सय ८३ सिटसहित ऐतिहासिक दुई-तिहाइ बहुमत हासिल गर्यो। पूर्व सहमति अनुसार वालेन्द्र शाह मुलुकको प्रधानमन्त्री बने। पार्टी सभापति नै संगठित अपराध र सम्पत्ति शुद्धीकरणको मुद्दामा थुनामा रहँदा रास्वपाभित्र ठूलो सन्नाटा छाएको थियो। कतिपयले यो दलको भविष्य सकिएको टिप्पणी समेत गरे। तर, रास्वपा सङ्कटपछि झन् बलियो भएर उठ्यो। त्यसका लागि जीवनदान बन्यो भदौ २३ र २४ को जेनजी आन्दोलन।

निकै कमजोर बनिसकेको रास्वपामा दलका नेताहरू लाखापाखा लाग्नेक्रम सुरु भइसकेको थियो। सुमना श्रेष्ठसहितका केही प्रभावशाली नेताहरूले रास्वपा परित्याग गरे। पार्टीको संगठन विस्तार हुन सकिरहेको थिएन। केन्द्रीय समिति नै अपुरो थियो। जब पार्टी सभापति लामिछाने सहकारी ठगीमा बिगोमा बाहिर निस्किए पार्टीको चहलपहल बढ्यो। जेनजी आन्दोलनको आयोजनामा प्रत्यक्ष नदेखिए पनि केन्द्रमा पुगिसकेका थिए बालेन। अकस्मात् बालेन र रविबीच राजनीतिक संवाद अगाडि बढ्यो। जुन नाटकीय रूपमा रवि र बालेनबीच राजनीतिक संवाद सुरु भएको थियो त्यही रूपमा पुन बालेन अलग्गै राजनीतिक शक्ति निर्माणमा सक्रिय भए। अगाडि बढिरहेको राजनीतिक सहकार्यमा बालेन अलग दलबाट अगाडि बढ्ने तयारी भएपछि रवि आफैं उनलाई भेट्न पुगे। त्यसको प्रभावले पुस १३ मा शाह र लामिछानेबीच 'बालेनले सरकार र रविले पार्टी' सम्हाल्ने गरी ७ बुँदे समझदारी भयो।

यो बिचमा विवेकशील साझाकी समीक्षा बाँस्कोटा र रञ्जु दर्शनाको टोली, तथा जेन-जी आन्दोलनमा सहभागी केपी खनाल र सुधन गुरुङ लगायतकाहरु एउटै मञ्चमा आए। थारूहट आन्दोलनकी नेत्री गीता चौधरी (हाल कृषिमन्त्री) को समूह पनि यसैमा मिसियो। जसको प्रभावले फागुन २१ को निर्वाचनमा अकल्पनीय २ तिहाइ बराबरको जनमत प्राप्त गर्यो र सरकार बनायो। रास्वपामाथि स्थापनाकालदेखि नै वैचारिक रूपमा स्पष्ट नभएको र पपुलिजम (लोकप्रियतावाद) मा कुदेको आरोप लाग्दै आएको थियो। सुरुमा नेताहरूले 'सेन्टर टु लेफ्ट' र 'मध्यमार्गी' भन्दै आफ्नो राजनीतिक नीतिको व्याख्या गरे पनि कतै व्यवस्था कै विरोधमा त हैनन् भन्ने शंका कायमै रह्यो। अन्ततः पहिलो महाधिवेशन अगाडि आफ्नो वैचारिक लाइन स्पष्ट पार्यो। ४ वर्षपछि चितवनमा भइरहेको पहिलो महाधिवेशनले आफ्नो विधानमा 'बहुलवादमा आधारित पूर्ण लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली' र 'संवैधानिक समाजवाद' लाई आफ्नो मूल मार्गचित्र घोषणा गर्यो।

संसदमा २१ सिटको चौथो ठूलो दलबाट सुरु भएको रास्वपा आज ५ लाखभन्दा बढी सक्रिय सदस्यसहित देशका ७७ वटै जिल्ला, पालिका र वडा तहसम्म सञ्जाल भएको र केन्द्रमा १८३ सिटसहित सत्ताको बागडोर सम्हाल्ने मूलधारको ठूलो पार्टी बनेको छ। पुराना दलहरूको विरुद्ध गरिएको प्रचार र विद्रोह चुनावी उछाल रास्वपाको आम्दानी मात्र थियो।, अब यो महाधिवेशनमार्फत संस्थागत अभ्यास गरेर त्यसलाई स्थायी सम्पत्तिमा परिणत गर्ने अवसर हो। त्यसलाई कुन विचार र सिद्धान्तमा ढाल्ने रास्वपाको असली परीक्षा सुरु भएको छ। तीन दिन चितवनमा हुने लोकतान्त्रिक अभ्यास कुन रुपमा देखाउँछ त्यसैमा पार्टीको भविष्य निर्धारण हुनेछ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सहयोग मिल्नेछ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : झमेला बड्ने |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : शुभ यात्रा |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : मानसिक तनाब | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।


# राहुघाट सुरुङमा पानी भर्न थालियो

**पोखरापत्र संवाददाता**
म्याग्दी, ७ असार

म्याग्दीको बहुप्रतिक्षित राहुघाट जलविद्युत् आयोजनाको सुरुङमा आजदेखि पानी भर्न थालिएको छ। नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी रघुगङ्गा हाइड्रो लिमिटेडले निर्माण गरेको ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजनाको दग्नाम र झिँको सिमानामा पर्ने बाँधबाट पिप्लेस्थित तेस्रो अडिटसम्मको मुख्य सुरुङमा पानी भर्न थालिएको हो।

रघुगङ्गा हाइड्रोका प्रबन्ध सञ्चालक गणेश केसीले आयोजनाको निर्माण सकिएका भौतिक संरचनाको परिक्षण गर्नेक्रम जारी रहेको जनाउँदै छ किलोमिटर दुई सय ७० मिटर मुख्य सुरुङमा पानी भर्न थालिएको बताउनुभयो। "पहिलो दिन एक हजार ६०० मिटर सुरुङमा पानी भरेका छौं। करिब चार दिनमा सबै सुरुङमा पानी भरेर १५ दिनपछि सञ्चालन योग्य बनाउने कार्यतालिका छ", उहाँले भन्नुभयो, "सात वर्षको प्रयासपछि यो आयोजना विद्युत् उत्पादनको चरणमा प्रवेश गर्नुलाई महत्वपूर्ण उपलब्धि मानेका छौं।" यसअघि बाँध, डिसेन्डर (पानी थिग्र्याउने पोखरी) र स्वीचयार्डको सफल परीक्षण भइसकेको आयोजनाले करिब १५ दिन सुरुङमा पानी भरेपछि कुनै समस्या नआएमा त्यसलगत्तै विद्युत्गृहमा रहेका २०/२० मेगावाट क्षमताका दुईमध्ये एक वटा युनिटबाट परीक्षणका लागि विद्युत् उत्पादनको तयारी गरिएको प्रबन्ध सञ्चालक केसीले जानकारी दिनुभयो।

रघुगङ्गा गाउँपालिका-४ दग्नाम र वडा नं ५ झिँको फेदीमा बाँध र दुई वटा पानी थिग्र्याउने पोखरीको परिक्षण भइसकेको छ। भौतिक संरचना र विद्युत्गृहका उपकरणको परीक्षणपछि आयोजना विद्युत् उत्पादनको चरणमा प्रवेश गर्ने उहाँले बताउनुभयो।

तिल्केनीचौरमा विद्युत्गृह निर्माण सकेर रङरोगन गर्न थालिएको छ। बीस मेगावाटको एक युनिट जडान भइसकेको छ भने अर्को युनिटका पाटपुर्जा जडान अन्तिम चरणमा पुगेको छ। आयोजनाबाट उत्पादित विद्युत्लाई केन्द्रीय प्रसारण लाइनमा जोड्नका लागि विद्युत्गृह परिसरमा निर्माण भएको स्वीचयार्ड गत जेठ २५ गतेदेखि सञ्चालनमा आएको प्रबन्ध सञ्चालक केसीले जानकारी दिनुभयो। भारतीय सिभिल ठेकेदार कम्पनी जयप्रकाश एसोशियट्स (जेपी)ले ४५ महिनामा सम्पन्न गर्ने लक्ष्यसहित सन् २०१७ नोभेम्बर १७ (२०७४ मङ्सिर ६ गते) रु छ अर्बमा ठेक्का सम्झौता गरेको थियो। पटकपटक गरी सन् २०२५ नोबेम्बरसम्मका लागि तेस्रो पटक म्याद थपिएको थियो। चौँथो पटक थपिएको समयभित्र आयोजना सम्पन्न गराउने लक्ष्य अनुसार काम भइरहेको प्रबन्ध सञ्चालक केसीले बताउनुभयो।

कोरोना महामारी, बाढी, पहिरोलगायत प्राकृतिक विपद् र नदीजन्य निर्माण सामग्रीको अभावका कारण आयोजना निर्माणमा ढिलाइ भएको ठेकेदार कम्पनी जेपीका आयोजना व्यवस्थापक हरिश अग्रवालले बताउनुभयो। भारत हेभी इलेक्ट्रिकल्स लिमिटेड (भेल) सँग विसं २०७६ कात्तिकमा एक करोड दुई लाख ९३ हजार २२ दशमलव ३५ अमेरिकी डलरमा इलेक्ट्रोमेकानीकल ठेक्का सम्झौता भएको थियो। भारतीय आयात निर्यात (एक्जिम) बैंकको ६७ मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण तथा नेपाल विद्युत् प्राधिकरण र नेपाल सरकारको संयुक्त लगानीमा कम्पनीको अवधारणा र इन्जिनियरिङ प्रक्युमेन्ट एण्ड कन्ट्र्याक्ट (इपिसी) प्रारुपमा राहुघाट जलविद्युत् आयोजना सञ्चालन गरिएको हो।

कमजोर आर्थिक अवस्थाका कारण २०७२ मा पुरानो ठेकेदार आइभिआरसिएलसँगको ठेक्का तोडेर नयाँ प्रक्रियाबाट निर्माण अघि बढाइएको थियो। पछिल्लो पटक छनोट भएको सिभिल ठेकेदार जयप्रकाश एसोसियट्स (जेपी)ले २०७५ असारमा पहुँचमार्ग र २०७६ असारमा सुरुङ खन्न सुरु गरेको थियो।

# संस्कृति संरक्षणमा दरै समुदाय

**पोखरापत्र संवाददाता**
दमौली, ७ असार

आधुनिकता र प्रविधिको तीव्र विकाससँगै धेरै मौलिक संस्कृति, भाषा र परम्परा लोप हुने अवस्थामा पुगेका छन्। यस्ता चुनौतीका बीच आफ्नो मौलिक कला, संस्कृति र पहिचानलाई जोगाइराख्न तनहुँका दरै समुदायले प्रयास थालेका छन्।

तनहुँमा आयोजित प्रथम दरै मौलिक चुड्का नृत्य प्रतियोगिताले दरै समुदायको संस्कृति संरक्षणको प्रयास गरेको छ। एक समय गाउँघरका उत्सव, पर्व र सामाजिक जमघटमा अनिवार्यजस्तै प्रस्तुत हुने चुड्का नृत्य अहिले नयाँ पुस्तामाझ कम परिचित बन्दै गएपछि दरै समाज तनहुँले मौलिक नृत्यलाई पुनर्जीवित गर्दै नयाँ पुस्तामा हस्तान्तरण गर्ने उद्देश्यसहित पहिलो पटक दमौलीमा मौलिक चुड्का प्रतियोगिता सम्पन्न गरेको छ। प्रतियोगितामा जिल्लाका पाँच गाउँका दरै समुदायको सहभागिता थियो। सहभागी समूहले आफ्ना परम्परागत वेषभूषा, बाजागाजा र सांस्कृतिक प्रस्तुतिमार्फत दरै समुदायको मौलिक पहिचान दर्शकसामु प्रस्तुत गरेका थिए। प्रतियोगितामा दुम्सी दरै समाज प्रथम, बैरेनी दरै समाज द्वितीय, दुम्सीचौर दरै समाज तृतीय भएका दरै समाज तनहुँका सचिव विजय दरैले जानकारी दिनुभयो। यस्तै दरै समाज सुधार समिति साखर र पोल्याङ दरै समाज सान्त्वना भएका छन्। प्रतियोगितामा अनुराग थापा, छविराम दरै र शान्ति दरैले निर्णायकको भूमिका निर्वाह गर्नुभएको थियो। समाजका सचिव दरैले समुदायको भाषा, संस्कृति, भेषभूषा र परम्परागत कलालाई जोगाउन पहल गरिएको बताउनुभयो। उहाँले भन्नुभयो, "हाम्रो मौलिक संस्कृति नै हाम्रो पहिचान हो। हामीले आफ्ना परम्परा जोगाउन सकेनौँ भने भावी पुस्ताले आफ्नो इतिहास र पहिचान गुमाउने अवस्था आउन सक्छ।" प्रतियोगितात्मक कार्यक्रमले पुराना पुस्तामा रहेका ज्ञान, सीप र संस्कृतिलाई नयाँ पुस्तासम्म हस्तान्तरण गर्ने अवसर प्रदान गरेको उहाँको भनाइ छ। व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले परिवर्तनशील समाजमा संस्कृति संरक्षण चुनौतीपूर्ण बन्दै गइरहेकाबेला दरै समुदायले थालेको यो अभियानले अन्य समुदायलाई पनि आफ्नो मौलिक सम्पदा जोगाउन प्रेरणा दिएको बताउनुभयो।

# 'खेलमैदान छन्, व्यवस्थित छैनन्'

**कृष्ण न्यौपाने**
दमौली, ७ असार



तनहुँ जिल्लाका विभिन्न स्थानमा खेलमैदान निर्माण भए पनि आवश्यक पूर्वाधार र व्यवस्थापनको अभावमा खेलकुदका गतिविधि सञ्चालन गर्न कठिनाइ भइरहेको छ। खेलकुद विकास समिति मातहत तनहुँ तथा सार्वजनिक जग्गामा रहेका खेलमैदान पर्याप्त रूपमा व्यवस्थित हुन नसक्दा खेलाडी, प्रशिक्षक र खेलकुद संस्थाहरूले विभिन्न समस्या भोग्दै आएका छन्।

जिल्लामा खेलकुदको आकर्षण बढ्दै गएपनि सोअनुसारको भौतिक पूर्वाधार विकास हुन नसकेको गुनासो जनमासबाट आइरहेको छ। स्थानीयस्तरबाट जिल्ला तथा प्रदेशस्तरीय प्रतियोगिता आयोजना गर्नुपर्नेअवस्थामासमेतखेलमैदानको स्तरोन्नति हुन नसक्दा खेलकुदका गतिविधि प्रभावित बन्दै गएका हुन्। जिल्लास्थित खेलकुद विकास समितिका अध्यक्ष अनिल पाण्डेले सदरमुकाम दमौलीसहित जिल्लाका विभिन्न स्थानमा रहेका खेलमैदान व्यवस्थित नहुँदा खेल सञ्चालन र प्रतियोगिता व्यवस्थापनमा समस्या भइरहेको बताउनुभयो। उहाँका अनुसार खेलकुद पूर्वाधारका लागि आवश्यक बजेटको अभावका कारण रहेका मैदानहरूको स्तरोन्नति तथा संरक्षण कार्य प्रभावकारी रूपमा अघि बढ्न सकेको छैन। "खेलकुद गतिविधि सञ्चालनका लागि आधारभूत पूर्वाधार आवश्यक हुन्छ। तर जिल्लामा भएका अधिकांश खेलमैदान पर्याप्त रूपमा व्यवस्थित छैनन्", अध्यक्ष पाण्डेले भन्नुभयो, "पूर्वाधार विस्तार र मर्मतसम्भारका लागि पर्याप्त बजेट नहुँदा खेलकुद क्षेत्रले अपेक्षित गति लिन सकेको छैन।" उहाँका अनुसार खेलकुद विकास समिति तनहुँ मातहत व्यास नगरपालिका-३ स्थित बीपी वनवाटिकामा करिब ४० रोपनी क्षेत्रफलमा दमौली सेमिकभर्ड हल तथा खेलकुद मैदान छन्। जिल्लाको मुख्य खेलकुद केन्द्रका रूपमा रहेको उक्त मैदानमा विभिन्न खेल गतिविधि सञ्चालन हुँदै आए पनि आवश्यक पूर्वाधार थप गर्नुपर्ने अवस्था रहेको उहाँले बताउनुभयो।

त्यसैगरी व्यास नगरपालिका-५ मा १३ रोपनी पाँच आना क्षेत्रफलमा रहेको चिन्तुटार खेलमैदान, भानु नगरपालिका-६ मा रहेको नावरुङ खेलमैदान तथा भानु नगरपालिका-८ मा रहेको काउरेटार खेलमैदान पनि खेलकुद विकास समिति मातहत रहेका प्रमुख खेलस्थल हुन्। तर, ती मैदानमा पनि आवश्यक स्तरोन्नति, संरक्षण, घेराबार, दर्शक बस्ने स्थान, शौचालय तथा अन्य आधार भूत सुविधाको अभाव रहेको पाण्डेले बताउनुभयो। अध्यक्ष पाण्डेका अनुसार जिल्लामा फुटबल, भलिबल, क्रिकेट, एथलेटिक्सलगायत खेलप्रति युवापुस्ताको आकर्षण बढ्दै गएको छ। खेल अभ्यासका लागि उपयुक्त मैदानको अभाव हुँदा खेलाडीहरूले पर्याप्त प्रशिक्षणको अवसर पाउन सकेका छैनन्। कतिपय स्थानमा वर्षायाममा मैदान हिलाम्मे हुने र हिउँदमा धुलाम्मे हुने समस्या पनि रहेको स्थानीय खेलाडी बताउँछन्। पाण्डेका अनुसार कुनै प्रतियोगिता आयोजना गर्नुपरेमा हाल उपलब्ध मैदानमा सामान्य मर्मत गरी जेनतेन कार्यक्रम सञ्चालन गर्नुपर्ने अवस्था छ। "जिल्लास्तरीय वा प्रदेशस्तरीय प्रतियोगिता गर्नुपर्दा मैदानको अवस्था सुधार गर्न अस्थायी तयारी गर्नुपर्ने हुन्छ", उहाँले भन्नुभयो, "स्थायी रूपमा व्यवस्थित खेलमैदान निर्माण र स्तरोन्नति गर्न सके खेलकुद गतिविधि अझ प्रभावकारी बन्न सक्छ।" खेलकुदलाई युवाको शारीरिक तथा मानसिक विकाससँग जोडिएको महत्वपूर्ण क्षेत्रका रूपमा लिँदै स्थानीय, प्रदेश तथा सङ्घीय सरकारले खेल पूर्वाधार विकासमा पर्याप्त लगानी गर्नुपर्ने खेलप्रेमी कविराज श्रेष्ठले बताउनुभयो। व्यवस्थित खेलमैदान निर्माण तथा संरक्षण गर्न सके जिल्लामा खेलकुद गतिविधि विस्तार हुनुका साथै राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरका खेलाडी उत्पादनमा समेत टेवा पुग्ने उहाँको भनाइ छ। तनहुँमा रहेका खेलमैदानको स्तरोन्नति, नयाँ पूर्वाधार निर्माण तथा खेलकुद गतिविधिलाई निरन्तरता दिन पर्याप्त बजेट व्यवस्थापन गर्नुपर्ने बास्केटबल प्रशिक्षक कृष्णकुमार श्रेष्ठले बताउनुभयो। व्यास-११ मा एक सय ५० रोपनी क्षेत्रफलमा कोलढुङ्गा क्रिकेट मैदान, व्यास-१ मा २५ रोपनी क्षेत्रफलमा निर्मल मावि खेलमैदान तथा बास्केटबल कोर्ट, व्यास-५ मा ३० रोपनी क्षेत्रफलमा पाटन खेलमैदान, व्यास-६ मा ३५ रोपनी क्षेत्रफलमा शिशाघाट खेलमैदान छन्। त्यस्तै, भानु-१ मा ४० रोपनी क्षेत्रफलमा भन्सार खेलमैदान, भानु-३ मा १५ रोपनी क्षेत्रफलमा भन्सार खेलमैदान, भानु-२ मा ३० रोपनी क्षेत्रफलमा गोठेरीचौर खेलमैदान, भानु-४ मा ५० रोपनी क्षेत्रफलमा आमखोला खेलमैदान, भानु-५ मा दुई सय रोपनी क्षेत्रफलमा ओक्लाङ खेलमैदान, भानु-१३ मा १५ रोपनी क्षेत्रफलमा रतनपुर अर्चले खेलमैदान रहेका खेलकुद विकास समितिका अध्यक्ष पाण्डेले जानकारी दिनुभयो। उहाँका अनुसार बन्दीपुर गाउँपालिका-२ मा १५ रोपनीमा भूमर्स्य खेलमैदान, बन्दीपुर-१ मा १२ रोपनीमा बन्दीपुरछाप खेलमैदान, आँबुखैरेनी गाउँपालिका-२ मा ९२ रोपनीमा आँबुखैरेनी रङ्गशाला, देवघाट गाउँपालिका-१ मा एक सय रोपनीमा कोटा रङ्गशाला, देवघाट-२ मा ५० रोपनीमा खाल्टे रङ्गशाला, देवघाट-५ मा १५ रोपनीमा भुजन खेलमैदान, म्याग्दे गाउँपालिका-७ मा ६५ रोपनीमा म्याग्दे खेलमैदान, म्याग्दे-५ मा ७५ रोपनीमा छाङपाटन खेलमैदान, म्याग्दे-३ मा ६० रोपनीमा जामुनेटार खेलमैदान, घिरिङ गाउँपालिका-३ मा १० रोपनीमा पोखरीछाप खेलमैदान, घिरिङ-१ मा २० रोपनीमा पुट्टार खेलमैदान छन्।

यसैगरी घिरिङ-४ मा गड्यौलीटार खेलमैदान, ऋषिङ गाउँपालिका-१ मा झापुटार खेलमैदान, ऋषिङ-६ मा चालिसे खेलमैदान, भिमाद नगरपालिका-६ मा भिमाद रङ्गशाला, भिमाद-९ मा मदन आश्रित खेलकुद मैदान, शुक्लागण्डकी नगरपालिका-५ मा बेलचौतारा खेलमैदान, शुक्लागण्डकी-८ मा नगरस्तरीय खेलमैदान, शुक्लागण्डकी-९ मा एक सय २० रोपनीमा तालबेँसी खेलमैदान रहेका खेलकुद विकास समितिले जनाएको छ।

# तिलिचो भक्ति यात्रा सम्पन्न

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ७ असार

तिलिचोताललाई धार्मिक तथा आध्यात्मिक पर्यटकीय गन्तव्यका रुपमा विकास गर्ने उद्देश्यले आयोजित तिलिचो ताल भक्ति यात्रा, २०८३ सम्पन्न भएको छ। श्री १००८ स्वामी ऋषि प्रपन्नचार्यको सङ्कल्पमा आयोजना गरिएका यात्रा आज सकिएको हो।

विभिन्न स्थानबाट सहभागी भक्ति यात्रामा सहभागी भक्तजनहरुले मुस्ताङको जोमसोम, ठिनी हुँदै तिलिचो तालको भक्ति यात्रा तय गरेको थियो। मुस्ताङ हुँदै तिलिचो पदमार्गमा पर्ने प्राकृतिक सौन्दर्यताले भरिपूर्ण हिमाली क्षेत्रको अवलोकन गर्दै भक्ति यात्रा टोली धार्मिक तथा सांस्कृतिक गतिविधिमा सहभागी भएका थिए। प्रपन्नाचार्यसहित सहभागीहरु भक्ति यात्रा टोलीले तिलिचो तालमा वाल्मीकीय रामायण पाठपरायण तीर्थ पूजा आराधना, भजन कीर्तन तथा सत्सङ्ग कार्यक्रम सञ्चालन गरेका यात्रामा सहभागी गुरु ईश्वर रेग्मीले जानकारी दिनुभयो। भक्तजनहरुबीचको धार्मिक आस्था, आपसी सद्भाव तथा आध्यामिक चेतनाको विकास गर्न भक्ति यात्राले महत्वपूर्ण योगदान पुऱ्याएको गुरु रेग्मीले उल्लेख गर्नुभयो। यसअघि तिलिचो भक्ति यात्राका लागि मुस्ताङ आएको टोली मुस्ताङको घरपझोङगाउँपालिका यात्रासम्बन्धी अन्तरक्रिया गरेको थियो। टोलीले तिलिचो भक्ति यात्रा पूरा गरेसँगै व्यवस्थापनका लागि सहयोग पुऱ्याएको प्रतिघरपझोङ गाउँपालिका, जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकायलगायत सरोकारवाला निकायलाई धन्यवाद व्यक्त गरेको छ।

यात्रा टोलीले यसप्रकारको धार्मिक तथा आध्यात्मिक यात्रा आगामी वर्षहरुमा पनि निरन्तरता दिँदै जाने उल्लेख गरेको छ। यात्राका लागि तिलिचो पुगेको भक्तजनसहितको टोलीले सुख, शान्ति र समृद्धिको कामना गरिएको थियो।

पौराणिककालमा काग भुसुन्डे ऋषिले तिलिचो तालमा तपस्या गरेर कागबेनी धाममा स्नान गरेको जनविश्वास छ।

# अन्नपूर्ण आधार शिविरमा पर्यटक खचाखच

**सन्तोष गौतम**
म्याग्दी, ७ असार/रासस

सोह्र वर्षअघिसम्म गुमनाम अन्नपूर्ण हिमालको आधार शिविर अहिले गुल्जार बनेको छ । म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ को भूगोलमा पर्ने आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण हिमाल र आरोहण सुरु हुने आधार शिविर पहिचान, पूर्वाधार र प्रवर्द्धनपछि गुल्जार भएको हो । पदमार्ग, पूर्वाधार निर्माण, खानेबस्ने सुविधा र प्रवर्द्धनात्मक कार्यक्रमपछि आधार शिविरमा अनुमान गरेभन्दा बढी सङ्ख्यामा पर्यटक आउन थालेका अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले बताउनुभयो ।

"अन्नपूर्ण हिमाल र आधार शिविरको भूगोल म्याग्दीमा पर्ने तथ्य स्थापित भएर त्यहाँसम्म पुग्ने पदमार्ग तयार र प्रवर्द्धनका कार्यक्रमपछि त्यहाँको पूर्वाधारले धान्ने भन्दा बढी पर्यटक आउन थालेका छन्", उहाँले भन्नुभयो, "छोटो समयको सहज रूपमा पदयात्रा गरेर पुग्न सकिने भएकाले अन्नपूर्ण आधार शिविर आन्तरिक पर्यटकको रोजाइमा परेको छ ।"

विसं २०६७ सम्म अन्नपूर्ण आधार शिविर म्याग्दीमा रहेको तथ्य जानकारी नै थिएन । कास्कीतर्फमात्र आधार शिविर रहेको भनिएको थियो । अन्नपूर्णको फेदी नारच्याङमा सन् २०१२ आएका अन्नपूर्णका प्रथम आरोही मौरिस हर्जोगले आरोहणका समयमा प्रयोग गरेको बाटो र आधार शिविरका बारेमा जानकारी गराएपछि प्रथा माविका



तत्कालीन प्रधानाध्यापक तेज गुरुङ नेतृत्वको स्थानीयवासीको टोलीले पदमार्गको खोज अनुसन्धान गरेको थियो ।

सो पदमार्गलाई अन्नपूर्ण गाउँपालिकाले २०७७ सालमा नक्साङ्कन र 'मौरिस हर्जोग' नामकरण गरेको थियो । "प्रथम आरोही हेर्जोगले दिएको जानकारी र सूचनाको आधारमा निलगिरि र अन्नपूर्ण खोलाको किनारैकिनार ६८ ठाउँमा काठको पुल बनाएर सात दिन लगाएर आधार शिविरमा पुगेका थिए", उहाँले भन्नुभयो, "११ वर्षको अवधिमा आधारभूत पूर्वाधार बनाएर तीन वर्षअघिदेखि सञ्चालन गरिएको नारच्याङ-आधार शिविर जोड्ने पदमार्ग 'भर्जिन' गन्तव्य बनेको छ ।"

समुद्री सतहदेखि चार हजार १९० मिटरको उचाइमा रहेको अन्नपूर्ण आधार शिविरमा छोटो दूरीमा सहजै पदयात्रामा पुगिने भएकाले पर्यटकको रोजाइमा परेको हो । पदमार्गमा अस्थायी टहरा बनाएर सञ्चालन गरिएको रेष्टुरेन्टमा दैनिक ५० जनाको क्षमता भएपछि वसन्त र शरदयाममा दैनिक २०० जनाभन्दा बढी पाहुना आएका भुसकेतका होटल व्यवसायी माइकल पुनले बताउनुभयो ।

"अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) मा पर्ने भएकाले यहाँ स्थायी भौतिक संरचना बनाउन प्रक्रिया पूरा गरेर सरकारबाट अनुमति लिनुपर्छ", उहाँले भन्नुभयो, "एक्यापले ५० पाहुना राख्न सक्ने अस्थायी संरचना बनाउन अनुमति दिएको तर चारपाँच गुणा बढी पाहुना आएकाले टेन्ट र पालमुनि बसोबासको व्यवस्था मिलाउनुपरेको छ ।"

आधार शिविरमा तीन वर्षअघिसम्म वसन्तयाममा हेलिकप्टरमार्फत आरोहीमात्र पुग्ने गर्दथे । नारच्याङदेखि हुमखोलासम्म २० किलोमिटर सडक र हुमखोलादेखि आधार शिविरसम्म आधारभूत स्तरको २२ किलोमिटर पदमार्ग तयार भएको छ ।

अन्नपूर्ण र नीलगिरि हिमालको फेदीमा बग्ने मिस्त्रीखोलाको किनारैकिनार, अग्ला झरना, मनमोहक हिमशृङ्खला, अनौठो भूगोल, पहाड, दुर्लभ वनस्पति, वन्यजन्तुको अवलोकन गर्दै आधार शिविर पुग्न सकिन्छ । दुई दिनमा आधार शिविर पुग्न र तेस्रो दिन फर्किन सकिन्छ । निलगिरि र अन्नपूर्ण हिमालको फेदीमा रहेको आधार शिविर समथर फाँटमा छ । आधार शिविरमुनि समुद्री सतहदेखि चार हजार ५० मिटर उचाइमा पञ्चकुण्ड ताल छ ।

आधार शिविरको डाँडामा बसेर ताल र हिमाल अवलोकन गर्न सकिन्छ । एक लाख सात हजार ६८४ वर्गमिटर क्षेत्रफलमा फैलिएको ताल अन्नपूर्ण हिमालको हिउँ पग्लिएर आउने पानी सङ्कलन भएर बनेको प्राकृतिक हिमताल हो । अन्नपूर्ण हिमाल र पञ्चकुण्डताललाई एकैपटक अवलोकन गर्न पाउनु अन्नपूर्ण आधार शिविरको मुख्य विशेषता बनेको छ ।

आधार शिविरमा प्रथम ओहरण टोलीको अगुवा फ्रान्सका मौरिज हर्जोग, लुई लचेनल र सोनाम वालुङ शेर्पाको सालिक स्थापना तथा हालसम्म अन्नपूर्ण हिमाल आरोहण गरेका ५३६ जनाको नामावली उल्लेख गरिएको ताम्रपत्र भएको खुला सङ्ग्रहालय पनि रहेको छ । सञ्चार, विद्युत्, स्वास्थ्य सुविधाको अभाव र रेष्टुरेन्टहरूको क्षमता कम हुदाँ पाहुना तथा व्यवसायीलाई समस्या भएको छ । सञ्चारको अभावमा लेक लागेर बिरामी भएका पर्यटकको उद्धार गर्न र पाहुनाको व्यवस्थापन गर्न समस्या हुन थालेको छ । बढ्दो पाहुनाको आगमनसँगै फोहर व्यवस्थापन पनि यहाँको अर्को चुनौती बनेको छ । पदमार्ग निर्माणलाई पूर्णता दिन र झोलुङ्गे पुल स्तरोन्नति गर्नुपर्ने अवस्था छ ।




१२औँ अन्तर्राष्ट्रिय योग दिवसको अवसरमा भारतीय राजदूतावास र पोखरा महानगरपालिकाको सहकार्यमा पोखरा रंगशालामा आयोजित 'अन्तर्राष्ट्रिय योग दिवस २०२६' मा क्रिस्टल इन्टरनेशनल मन्टेश्वरी किण्डरवल्ड जरेबर पोखरा-६ का सहभागी बालबालिकाहरु । योगले आधुनिक जीवनशैलीका चुनौतीबिच मानिसलाई शारीरिक, मानसिक तथा आध्यात्मिक रूपमा सन्तुलित र सशक्त बनाउने मार्ग प्रदान गर्ने अपेक्षा गरिएको छ ।

# तीन सहकारीलाई अनुदानमा कृषि सामग्री

**पोखरापत्र संवाददाता**
तनहुँ, ७ असार

गण्डकी प्रदेश सरकारअन्तर्गत कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले खाद्यान्न बाली उत्पादन बढाउन यहाँका तीन वटा सहकारी संस्थालाई कृषि सामग्री हस्तान्तरण गरेको छ ।

भानु नगरपालिका-८ स्थित भानु कृषि सहकारी संस्था, भानु नगरपालिका-१० को जागृती बचत तथा ऋण सहकारी संस्था र सोही वडास्थित सिमलचौर बहुउद्देश्यीय कृषि सहकारी संस्थालाई सामग्री उपलब्ध गराएको हो ।

जिल्ला कृषि विकास कार्यालयले उक्त दुई वडाका किसानलाई ७५% प्रतिशत अनुदानमा बीउबिजन, कृषि सामग्री वितरणसहित सिँचाइका लागि कुलो निर्माण गरेको छ । कार्यक्रमअन्तर्गत सहकारीलाई 'स्प्रेयर', त्रिपाल, धान बीउलगायत सामग्री वितरण गरिएको जिल्ला कृषि विकास कार्यालयका सूचना अधिकारी किरण परियारले जानकारी दिनुभयो ।

गण्डकी प्रदेशसभा सदस्य अशोककुमार श्रेष्ठ र जिल्ला कृषि कार्यालयका प्रमुख परशुराम अधिकारीले शनिबार संयुक्त रूपमा कृषकलाई सामग्री हस्तान्तरण गर्नुभएको हो ।

कार्यालय प्रमुख अधिकारीले भन्नुभयो, "अनुदान कार्यक्रमले उत्पादनमा वृद्धि भएको पाइएको छ, अझ धेरै उत्पादन गर्न किसानहरू लाग्नुहुनेमा म विश्वस्त छु ।"

# गण्डकी प्रदेशमै उत्कृष्ट बन्यो गलकोट नगर अस्पताल

**पोखरापत्र संवाददाता**
बागलुङ, ७ असार

बागलुङको गलकोट नगर अस्पतालले न्यूनतम सेवा मापदण्ड सूचकमा गण्डकी प्रदेशमै उत्कृष्ट घोषणा भएको छ । न्यूनतम सेवा मापदण्ड सूचक (एमएसएस) मूल्याङ्कनमा पालिकास्तरका अस्पतालमा सबैभन्दा बढी अङ्क प्राप्त गरेको हो ।

गण्डकी प्रदेशभरिका स्थानीय तहबाट सञ्चालित आधारभूत अस्पतालहरूमध्ये गण्डकी प्रदेशमै ७१ प्रतिशत अङ्क प्राप्त गरी प्रथम स्थान हासिल गरेको अस्पतालका प्रमुख डा राजेश पौडेलले बताउनुभयो । सुशासन तथा व्यवस्थापन, क्लिनिकल सेवा व्यवस्थापन, स्वास्थ्य संस्था सहयोग व्यवस्थापनलगायत विभिन्न सूचकका आधारमा गरिएको मूल्याङ्कनमा अस्पतालले कुल ७१ प्रतिशत प्राप्ताङ्क हासिल गरेको उहाँले जानकारी दिनुभयो ।

अस्पतालको जग्गा व्यवस्थापन, भवन, फोहर व्यवस्थापन, अस्पतालको सेवा सुविधालगायत विवरण अनुसार अस्पतालले सेवा प्रवाह, संस्थागत व्यवस्थापन र स्वास्थ्य सेवाको गुणस्तर सुधारमा उल्लेखनीय प्रगति हासिल गरेको छ । स्थानीय तहको स्वास्थ्य प्रणालीलाई थप प्रभावकारी र सेवामुखी बनाउन अस्पतालले निरन्तर सुधारका प्रयासमा यो नतिजाले थप हौसला प्रदान गरेको डा पौडेलको भनाइ छ ।

अस्पताल प्रशासनले आगामी दिनमा सेवा प्रवाहलाई अझ प्रभावकारी, उत्तरदायी र नागरिकमैत्री बनाउँदै डा पौडेले उपलब्धिलाई निरन्तरता दिने प्रतिबद्धता गर्दै गलकोट नगरपालिकाको पनि सहयोग रहेको उल्लेख गर्नुभयो ।

# धवलागिरिका दुर्गम गाउँमा सडक सञ्जालको पहुँच

**पोखरापत्र संवाददाता**
म्याग्दी, ७ असार

अग्लाअग्ला भिरपाखा । कठिन पहाडी भूगोल । विकासको आधारभूत सुविधा नभएका बस्ती । एक गाउँबाट अर्को गाउँ पुग्न घण्टौँसम्म उकालोओरालो हिँड्नुपर्ने बाध्यता ।

विगतका वर्षहरूमा म्याग्दीको धवलागिरि गाउँपालिकाको चिनारी यस्तै दुर्गम र विकट भूगोलको सङ्घर्षका कथाबाट हुने गर्थ्यो । तर समयसँगै त्यो चित्र फेरिँदै गएको छ । सडक पूर्वाधारको विस्तारसँगै धवलागिरिका दुर्गम गाउँबस्तीमा विकासका सुविधा उक्लन थालेका छन् ।

सडक यातायातको क्षेत्रमा गाउँपालिकाले हासिल गरेको उपलब्धिले वर्षौँदेखि दुर्गम र विकटताको पहिचान बोकेका बस्तीलाई क्रमशः सहज पहुँचको सुविधामा ल्याउन थालेको छ । धवलागिरि गाउँपालिका-१ गुर्जामा सडक सञ्जालको पहुँच पुगेसँगै म्याग्दीका ४५ वटै वडामा सडक सञ्जालको पहुँच विस्तार भएको गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले बताउनुभयो ।

"यो वर्षमात्रै गुर्जामा सडकको पहुँच पुर्‍याउन सफल भयौँ, अब यसलाई स्तरोन्नति गरेर नियमित सञ्चालन हुने सडक बनाउनेतर्फ पहल थालेका छौँ, सडक निर्माणले स्थानीयलाई यातायातको सुविधा दिएको छ, सँगै गाउँमा हुने कृषि र पशुजन्य उत्पादनको बजारीकरणमा समेत सघाउने विश्वास लिएका छौँ", अध्यक्ष पुनले भन्नुभयो । विसं २०७९ मा भएको स्थानीय तह निर्वाचनसम्म मुना र खोरियाको बीचमा पर्ने मतलाको अक्करे भिरमा रोकिएको सडकलाई गाउँपालिकाले प्राथमिकताका साथ अघि बढाएर लुलाङ हुँदै गुर्जामा सडक पुगेको हो ।

प्रदेश र सङ्घीय सरकारका साथै गाउँपालिकाबाट प्राथमिकताका साथ बजेट विनियोजन भएपछि वडा नं २ लुलाङदेखि गुर्जासम्मको करिब २२ किलोमिटर लामो सडकको ट्र्याक निर्माणले पूर्णता पाएको गाउँपालिका अध्यक्ष पुनले जानकारी दिनुभयो ।

आर्थिक वर्ष २०८०/८१ देखि लुलाङबाट गुर्जा जोड्ने सडक निर्माण सुरु भएको थियो । पहिलो वर्ष सङ्घ, प्रदेश र स्थानीय सरकारको रु दुई-दुई करोड साझेदारीमा रु छ करोड, दोस्रो वर्ष सङ्घ र स्थानीय सरकारको रु ३५-३५ लाख गरी रु ७० लाख र चालु आवमा सङ्घीय सरकारको रु एक करोड ४० लाख तथा स्थानीय सरकारको रु ३५ लाख गरी रु एक करोड ७५ लाख बजेटलाई ठेक्कामार्फत परिचालन गरेर गुर्जालाई सडक सञ्जालमा जोडिएको गाउँपालिकाले जनाएको छ । सडक सञ्जालको पहुँच नहुँदा गुर्जाबाट गाउँपालिकाको केन्द्र मुना आउन सर्वसाधारणले एक दिनको पैदलयात्रा गर्नुपर्ने बाध्यता थियो । अहिले सडक सुविधाले पालिकाको सेवा लिन गाउँपालिका आएका नागरिक एकैदिनमा घर फर्कन सक्ने सुविधा भएको छ । गुर्जा जोड्ने सडकमा पर्ने लमसुङस्थित दरखोलामा प्रदेश सरकारले २५ मिटर लामो मोटरेबल पुल निर्माण सुरु गरेको छ । गाउँपालिकाभित्र पछिल्लो चार वर्षको अवधिमा भएका भौतिक पूर्वाधारमध्ये सडक सञ्जालको पहुँच निर्माण सबैभन्दा ठूलो उपलब्धिको रूपमा रहेको गाउँपालिकाका उपाध्यक्ष रेशम पुनले जानकारी दिनुभयो । उहाँका अनुसार यस अवधिमा महतलाको भिरमा रोकिएको सडक लमसुङ, लुलाङ हुँदै गुर्जा, मरेनीदेखि पर्यटकीयस्थल जलजला-गुर्जाघाट हुँदै ढोरपाटन सडक सञ्जालमा जोडिएका छन् । मध्यपहाडी लोकमार्गको बागलुङखण्डको विकल्प र म्याग्दीको मङ्गला, मालिका र धवलागिरि गाउँपालिकाको 'लाइफलाइन' मानिएको बेनी-दरवाङ-मुना-जलजला-ढोरपाटन सडक काठमाडौँ र पोखराबाट बेनी हुँदै ढोरपाटन र पूर्वीरुकुम जोड्ने छोटो दूरीको सडक पनि हो । चालु आवमा सङ्घीय सरकारले विनियोजन गरेको रु पाँच करोड बजेटबाट सडक डिभिजन कार्यालय बागलुङले सञ्चालन गरेको योजनामार्फत म्याग्दीको धवलागिरि-२ मरेनीदेखि ढोरपाटनको जलजलासम्म सडकको ट्र्याक निर्माण भएको हो । वडा नं ४ मुदीमा निर्माणाधीन जलविद्युत् आयोजनामार्फत खिबाङ, बगर, दोभान, चेचुङलगायत बस्तीमा सडक सञ्जालको पहुँच पुगेको छ भने नेरवाङ बस्तीमा सडक विस्तार भइरहेको छ । मुदीको बगर फेदीबाट सिङ्कोस बगरमा र मल्कबाङदेखि भेडिखाल्टा बस्तीमा सडक सञ्जालको पहुँच पुर्‍याउन बाँकी छ । चालु आवमा गाउँपालिकाबाट विनियोजन भएको रु ३० लाख बजेटबाट सडकको ट्र्याक निर्माण भए पनि भेटिखाल्टामा सडकको ट्र्याक जोडिएको छैन । पालिकाले माग गरेबमोजिम सङ्घीय सरकारबाट आगामी वर्षका लागि सङ्घीय समपूरक कोष अन्तर्गत रु ८५ लाख बजेट विनियोजन भएकाले आगामी वर्ष भेडिखाल्टामा सडकको पहुँच पुग्ने प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद शर्माले जानकारी दिनुभयो ।

पहाडी जटिल भूगोलको चुनौतीका बीच यस वर्ष धवलागिरिका अधिकांश गाउँबस्तीमा सडक सञ्जालको पहुँच विस्तार हुनुले यस पालिकाका स्थानीयमा विकासप्रतिको सकरात्मक धारणाको विकास गराएको छ । पहिले पैदलयात्रामा निर्भर रहनुपर्ने स्थानीय अहिले गाउँसम्मै सडक पुगेपछि दैनिक जीवन, कृषि उत्पादनको ढुवानी, स्वास्थ्य सेवा तथा शिक्षाजस्ता आधारभूत सेवामा सहजता अनुभव गर्न थालेका छन् । सडक पुगेसँगै दुर्गम बस्ती विकास र समृद्धिको मूलधारसँग जोडिने क्रमले गति लिएको छ । कुनै समय दुर्गमताको पर्याय मानिने धवलागिरिमा आज सडक सञ्जाल विस्तारमार्फत सर्वसाधारणलाई परिवर्तनको आभास दिलाएको छ । गाउँगाउँमा पुगेको सडकले स्थानीयको जीवनशैलीमा सकारात्मक परिवर्तन ल्याउनुका साथै विकासका सम्भावनाका नयाँ ढोका पनि खोलिदिएको छ ।

# गोरखामा योग शिविर

**पोखरापत्र संवाददाता**
गोरखा, ७ असार

बाह्रौं विश्व योग दिवसका अवसरमा आइतबार निःशुल्क योग शिविर सम्पन्न भएको छ । जिल्ला प्रशासन कार्यालय गोरखाको आयोजनामा सदरमुकामस्थित द्रव्यशाह बहुमुखी क्याम्पसमा योग शिविर सञ्चालन गरिएको हो ।

योग शिविरमा सहभागीलाई विविध योगासन, प्राणयाम, ध्यान तथा योगबारे जीवनोपयोगी जानकारीसहित योगाभ्यास गराइएको योगगुरु अशोक शर्मा भट्टले जानकारी दिनुभयो । "योग शारीरिक अभ्यास मात्र नभएर आत्मबोध तथा आत्मशुद्धिको समग्र कल्याणतर्फउन्मुख कार्य पनि हो, यसबाट तनाव, असन्तुलन र मानसिक अशान्तिलाई कम गर्न योगाभ्यास अत्यावश्यक छ", उहाँले भन्नुभयो ।

सोही अवसरमा सहभागीहरुलाई योगाभ्यासको मार्गदर्शन र व्यक्तिगत जीवनमा सकारात्मक सुधारका उपायबारेमा अभिमुखीकरण प्रदान गरिएको भट्टको भनाइ छ । गोरखा गुरु गोरखनाथको तपोभूमि पनि भएको र गोरखकालीको पवित्रस्थलमा गरिने योगाभ्यासको विशेष महत्व रहेको भट्टले बताउनुभयो । शिविरमा विभिन्न सरकारी तथा गैरसरकारी कार्यालयका कर्मचारी, स्थानीय नागरिक, जनप्रतिनिधिलगायतको सहभागिता रहेको जिल्ला समन्वय समन्वय समिति गोरखाका प्रमुख मोहनबहादुर थापामगरले बताउनुभयो । गोरखनाथ कल्याण केन्द्रको समन्वयमा आयोजित निःशुल्क शिविर नेपाल नेचुरल साउण्ड हिलिङ इन्टरनेसनको सहआयोजनामा सम्पन्न भएको हो । शिविरमा जिल्ला समन्वय समितिका प्रमुख मोहनबहादुर थापामगर, जिल्ला न्यायाधीश विष्णुप्रसाद गौतम, गोरखा नगरपालिकाका नगरप्रमुख कृष्णबहादुर रानामगर, उपप्रमुख मसलीमाया थोकर, प्रमुख जिल्ला अधिकारी बुद्धिबहादुर खड्कालगायतको सहभागिता थियो । शिविरमा योग गुरु अशोक शर्मा भट्ट, प्रशिक्षक एलिस बन्जरा, मनोज दुवाडी, रुपेश श्रेष्ठ, कृष्ण शरण, अच्युत कृष्णलगायतले प्रशिक्षण प्रदान गर्नुभएको हो ।

**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखापरीक्षण**

पोखरा महानगरपालिका वडा नं. १३, नवदुर्गा टोलमा दादरा खेलकुद मैदान निर्माण कार्य सम्पन्न गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

| | |
|---|---|
| योजनाको नाम | : दादरा खेलकुद मैदान नवगुर्दा टोल |
| सदस्य संख्या | : ९ जना (३ जना महिला) |
| उ.स. नाम | : दादरा खेलकुद मैदान नवदुर्गाटोल उपभोक्ता समिति |
| उ.स. अध्यक्ष | : सुदर्शन बराल |
| योजना सम्झौता मिति | : २०८२/०९/२९ |
| योजना सुरु हुने मिति | : २०८२/०९/३० |
| योजना सम्पन्न हुने मिति | : २०८२/११/३० |
| पोखरा-१३ बाट प्राप्त | : रु. ४,००,०००/- |
| जन सहभागिता | : रु. ४४,४४४/- |
| जम्मा लागत खर्च | : रु. ४,४४,४४४/- |

**दादरा खेलकुद मैदान नवदुर्गाटोल उपभोक्ता समिति**
पोखरा-१३, कास्की